# बार्षिक प्रतिवेदन

## आ.व. २०७९।८०

**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

## मध्यबिन्दु जिल्ला  अस्पताल

**नवलपरासी(ब.सु.पू.)**

# अध्यक्षको कलमबाट...

२०६३ साल पौष ६ गतेदेखि १४ गतेसम्म भव्य रूपमा सञ्चालन भई सम्पन्न धनधान्याञ्चल महायज्ञको जगमा आम नवलपुरबासीले स्वास्थ्य सेवा प्राप्तिमा भोग्दै आएको कष्टलाई सम्बोधन गर्ने पवित्र उद्देश्यबाट प्रेरित भई विभिन्न प्रक्रिया पूरा गरी २०६४ मंसिर २९ गतेबाट विधिवत रूपमा मध्यविन्दु सामुदायिक स्मृति अस्पताल सञ्चालनमा आएको हो।

मुलुक संघीय संरचनामा रूपान्तरित भएसँगै २०७५ साल फाल्गुन २८ गते यसले जिल्ला अस्पतालको रूपमा स्वीकृति प्राप्त गर्‍यो। जिल्ला अस्पतालको परिकल्पनाकारसहित संस्थापनकालदेखि वर्तमान समयसम्म यस अस्पतालको हित र विकासमा प्रत्यक्ष वा परोक्ष रूपमा टेवा पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभारसहित सम्मान व्यक्त गर्न चाहन्छु।

गत भाद्र ९ गतेदेखि वर्तमान व्यवस्थापन समिति यस अस्पतालको व्यवस्थापकीय कार्यमा क्रियाशील छ। अस्पतालको भौतिक, प्राविधिक सेवा प्रवाह, सामाजिक सम्बन्ध विस्तार र सामुदायिक दायित्व निर्वाह गर्ने कार्यमा हामी समर्पित छौ । कर्मचारी व्यवस्थापन, उचित मानव सम्बन्धको विकास, स्रोतको सम्भाव्यता अध्ययन, संकलन, कार्ययोजना निर्माणदेखि नागरिक सेवा तर्फ डाइलासिस सेवा प्रारम्भ गर्ने कार्य समेत भइसकेको छ। थप सेवा प्रदान गर्ने तर्फ हामी सचेत छौ।

जग्गा भोगाधिकारका सम्बन्धमा प्रारम्भदेखि यस अस्पतालले व्यहोर्दे आएको समस्या आजसम्म पनि यथावत नै छ। उक्त समस्याको स्थायी समाधानका निमित्त यस समितिले आफ्नो कार्य अगाडि बढाइसकेको छ। विश्वास छ, यस अभियानमा सबैबाट सहयोग र सद्भाव प्राप्त हुनेनै छ।

स्थापनाकालमा ५५ बेडको अनुमति प्राप्त यस अस्पताल जिल्ला अस्पतालमा रूपान्तरित भए पश्चात १५ बेड मात्र स्वीकृत हुनु र अरू सबै व्ययभार समितिमा निहीत हुनु आफैमा बोझिलो हो। स्वास्थ्य मन्त्रालय तथा विभागले निर्माण गरेका सुचाइहरूलाई हेर्दा कम्तिमा १०० बेडको स्वीकृति तत्काल पाउनुपर्ने देखिन्छ तर सम्बन्धित निकायबाट सो निर्णय हुन सकिरहेको छैन। तसर्थ आवश्यक प्रक्रिया पूरा गरी त्यस तर्फ अगाडि बढ्ने हाम्रो प्रतिबद्धता छ। यसमा सबैको सहयोगको अपेक्षा गर्दछु।

अस्पतालमा अब सुविधा सम्पन्न प्रयोगशाला, अत्याधुनिक विभिन्न उपकरणबाट बिरामीको निदान गरिने व्यवस्था विशेषज्ञ चिकित्सकबाट बिरामी परीक्षण हुने व्यवस्था, जटिल प्रसूति तथा आवश्यक शल्यक्रियाको व्यवस्था, दन्त तथा आँखा परीक्षण र उपचार सेवा जस्ता विविध सेवाहरू सुचारु भइसकेका हुनाले हामीले सोचे भन्दा बढी सेवा सुविधा प्रदान गर्न सक्ने भएका छौ तथापि अस्पताललाई हालको अवस्थाबाट क्रमशः माथि उठाई भविष्यमा ३०० बेडको अस्पताल, मेडिकल कलेज, ट्रमा सेन्टर, कृत्रिम अंग प्रत्यारोपण केन्द्र, अनुसन्धान केन्द्र तथा देशकै नमुना अस्पतालको रूपमा विकास गर्ने अस्पताल व्यवस्थापन समितिको दृढ चाहना रहेको छ। यो अभियानमा यस समितिबाट सबै काम

सम्पन्न नहुन सक्छ अतः यसपछि आउने समितिले समेत नमुना अस्पताल बनाउने लक्ष्य तर्फ आफ्नो ध्यान केन्द्रित गर्नेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, यस अस्पताललाई यो स्थितिसम्म ल्याई पुयाउन सहयोग गर्नुहुने अस्पतालमा कार्यरत सम्पूर्ण प्राविधिक तथा गैर-प्राविधिक कर्मचारी साथीहरू, व्यवस्थापन समितिका पूर्व अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरू, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, बौद्धिक वर्ग, वुद्धिजिवीहरू, गैर सरकारी निकाय, नवलपुर स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस जिल्ला तथा कावासोती उपशाखा, स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, विभिन्न समिति र उपसमितिका पदाधिकारीहरू, सहयोगी व्यक्ति र संघ-संस्थाहरू, राजनीतिक दलहरू, संघीय तथा प्रदेश माननीयज्यूहरू र स्थानीय समुदायका व्यक्तिहरूप्रति हार्दिक कृतज्ञता सहित अस्पतालको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।
धन्यवाद

बालकृष्ण घिमिरे
अध्यक्ष अस्पताल व्यवस्थापन समिति
मध्यविन्दु जिल्ला अस्पताल नवलपुर

# शुभकामना

डा.जितेन्द्र कंडेल
नि.मेडिकल सुपेरिटेन्डेन्ट

मध्यविन्दु जिल्ला अस्पतालले आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको यस क्षणमा म हर्षित छु। यस प्रतिवेदन मध्यविन्दु जिल्ला अस्पतालको आ.व. २०७९।८० मा यस अस्पतालले प्रदान गरेको सेवा तथा अस्पतालमा भएका सम्पुर्ण गतिविधिको समिक्षा हो। वि.स.२०७५ फागुन २८ गते मध्यविन्दु सामुदायिक स्मृती अस्पताललाई मध्यविन्दु जिल्ला अस्पतालमा रुपान्तरण गरी सरकारी संयन्त्रको माध्यमबाट सेवा प्रदान गरिरहेका छौँ , १५ वेडको सैद्धान्तिक स्वीकृती प्राप्त भएतापनी हाम्रो यस अस्पतालले ७२ वेड सञ्चालन गरी बिरामीलाई सेवा प्रदान गरिरहेको छ । यस वार्षिक प्रतिवेदन अध्ययन गरी अस्पतालले प्रदान गरेको सेवाहरुको समिक्षा गरि दिनु हुन म सबै सरोकारवाला वर्गमा हार्दिक अनुरोध गर्दछु।

मध्यविन्दु जिल्ला अस्पतालमा आ.व. २०७९।८० मा स्वास्थ्य सेवा प्रदान गर्नुहुने सम्पुर्ण चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सवारी चालक, कार्यालय सहयोगी तथा अन्य सम्पुर्ण कर्मचारीहरु सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत हजुरहरुको सक्रियता बढ्दै जाने छ भन्ने अपेक्षा समेत गरेको छु। साथै अस्पतालमा स्वास्थ्य सामग्री, चिकित्सक, औषधी तथा विविध सहयोग गरी सेवा प्रवाहलाई नियमित बनाउन सहयोग गर्नुहुने प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, स्थानिय सरकार,अस्पताल व्यवस्थापन समिति तथा सम्पुर्ण सरकारी तथा गैरसरकारी निकायप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा १०० बेडमा रुपान्तरण गरि सेवा विस्तारमा सहयोग गर्नुहुने कुरामा म विश्वस्त छु।

अस्पतालमा म रहँदा कार्यालय प्रमुखको हैसियतले गर्नुपर्ने सम्पुर्ण कार्यमा आफ्नो ज्ञान, सीप तथा समयको उचित उपयोग गरी अस्पतालको सेवा प्रवाह तथा स्तरोन्तीका लागि लागिरहने प्रतिज्ञा गर्दै यस वार्षिक प्रतिवेदन अध्ययन गरी अस्पतालको स्वास्थ्य सेवाको विश्लेषण गर्दै हजुरहरुको अमुल्य सुझावालई मनन गर्दै अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप गुणस्तरयुक्त तथा प्रभाकारी बनाउन सहयोग गरिदिनु हुन अनुरोध छ।

## जिल्लाको परिचय

नेपालको संविधान २०७२ जारी हुदा कायम गरिएका ७ वटा प्रदेशमध्ये गण्डकी प्रदेशको ११ जिल्लामध्ये साविकको नवलपरासी जिल्लालाई पुर्वतर्फ गण्डकी प्रदेशमा र पश्चिममा लुम्बिनी प्रदेश पर्ने गरि विभाजन गर्दा ८ वटा स्थानीय तहसहित गण्डकी प्रदेशको कान्छो जिल्लाको रुपमा स्थापित रहेको जिल्ला हो । यस जिल्लाको कुल क्षेत्रफल १४२६.२७ वर्ग कि.मी. रहेको छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ३,८१,१०५ जना रहेको छ। यस जिल्लाको कुल जनघनत्व २९७.६४ जना प्रतिवर्ग कि.मी. रहेको छ। यस जिल्लाको मुख्य भाषा नेपाली अवधि र थारु तथा वार्षिक जनसङ्ख्या वृर्दिदर १.१३ प्रतिशत रहेको छ।

## अस्पताल परिचय

वि.स.२०६४ सालमा सामुदायिक स्मृति अस्पतालको रुपमा स्थापना हुदा ५५ शैयाको स्वीकृती पाएको तत्कालिन अस्पताल देशमा संघियताको कार्यान्यवनको समयमा वि.स.२०७५ साल फागुन २८ गते गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदको निर्णयअनुसार सामुदायिक अस्पताललाई सरकारी अस्पतालमा रुपान्तरण गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि १५ शैयाको सैदान्तिक स्वीकृतीमा अस्पताललाई सरकारी संयन्त्रमा रुपान्तरण गरी सेवा सञ्चालन सुभारम्भ गरिएको हो । १५ शैयाको स्वीकृतीमा अस्पताल सञ्चालन भएतापनी अस्पताल व्यवस्थापन समितिको आफ्नै खर्चमा ७२ शैयामा अस्पताल सञ्चालित रहेको छ।

## मौजुदा दरबन्दी र पदपुर्तिको अवस्थाको विश्लेषणः

### स्थायी दरबन्दी तर्फः

| विवरण | जम्मा संख्या | कैफियत |
|---|---|---|
| जम्मा स्वीकृत स्थायी दरबन्दी | ३१ | |
| स्थायी पदपूर्ति | १३ | |
| अस्थाई पदपूर्ति | ११ | |
| कुल पदपूर्ति | २४ | |
| रिक्त | ७ | |
| अध्ययन बिदामा भएको | ३ | |
| वास्तविक हाल कार्यरत | २१ | |
| वास्तविक हाल रिक्त | ११ | |

### हाल कार्यरत कुल जनशक्ति विवरण:

| क्र.सं. | कार्यरत कुल जनशक्ति विवरण | संख्या | कै. |
|---|---|---|---|
| १ | स्थायी दरबन्दी अन्तर्गत | २४ | |
| २ | प्रदेश करार अन्तर्गत | १७ | |
| ३ | छात्रवृत्ति करार अन्तर्गत | १३ | |
| ४ | विभिन्न कार्यक्रम अन्तर्गत | २२ | |
| ६ | अस्पताल ब्यबस्थापन समिति अन्तर्गत | ४० | |
| | जम्मा कार्यरत जनशक्ति संख्या | ११६ | |

## हाल मध्यबिन्दु जिल्ला  अस्पताल अस्पतालमा कार्यरत स्थायी दरबन्दीको विवरण

| क्र. सं. | पद | तह | सेवा | समूह | दरबन्दी | स्थाई पद पूर्ति | रिक्त | बास्तविक कार्यरत | बास्तविक रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिन्टेण्डेण्ट [ज.हे.स.] | ९ / १० | स्वास्थ्य | जनरल हेल्स सर्भिसेज | १ | ० | १ | ० | १ | |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | जनरल हेल्स सर्भिसेज | २ | २ | ० | १ | ० | १ अध्ययन बिदा |
| ३ | सहायक / अधिकृत (प्रशासन) | ५ / ६ | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | ० | १ | |
| ४ | ल्याब टेक्निसियन | ५ / ६ / ७ | स्वास्थ्य | मे.ल्या.टे. | १ | ० | १ | ० | १ | |
| ५ | मेडिकल रेकर्डर सुपरभाइजर | ५ / ६ / ७ | स्वास्थ्य | मेडिकल रेकर्डस् | १ | १ | ० | १ | ० | |
| ६ | स्टाफ नर्स | ५ / ६ / ७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | ६ | ५ | १ | ३ | २ | १ अध्ययन बिदा१ रजिनाम पेस गरि सम्पर्कमा नरहेको |
| ७ | हेल्थ असिष्टेन्ट | ५ / ६ / ७ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | १ | १ | ० | १ | ० | |
| ८ | रेडियोग्राफर | ५ / ६ / ७ | स्वास्थ्य | रेडियोग्राफी | १ | १ | ० | १ | ० | |
| ९ | ल्याव असिष्टेन्ट | ४ / ५ / ६ | स्वास्थ्य | मे ल्याव टेक्नोलोजी | १ | १ | ० | ० | ० | १ अध्ययन बिदा |
| १० | अ.न.मी. / सि.अ.न.मी. | ४ / ५ / ६ | स्वास्थ्य | क.न./ प.हे.न. | २ | १ | १ | १ | १ | |
| ११ | अ हे ब/सि अ हे ब | ४ / ५ / ६ | स्वास्थ्य | ज हे स | २ | १ | १ | १ | १ | |
| १२ | सहायक (प्रशासन) | ४ / ५ | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | १ | ० | |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ११ | ० | ११ | ११ | ११ | |
| | **कुल जम्मा** | | | | **३१** | **१४** | **१७** | **२१** | **१७** | |

## मध्यबिन्दु जिल्ला अस्पतालमा हाल कार्यारत्त अन्य जनशक्तिको विवरण:

| क्र. सं. | पद | तह | सेवा | समूह | प्रदेश सरकार बाट स्वीकृत करार दरबन्दी | छात्रवृती मा कार्यरत जनशक्ति | समितिको सेवा करारमा कार्यरत जनशक्ति | अन्य करार कार्यक्रम बाट कार्यरत | हालको जम्मा करार कार्यरत जनशक्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट [ज.हे.स] | ९ / १० | स्वास्थ्य | जहेस | ० | ० | ० | ० | ० |
| २ | बरिष्ठ / कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ / १० | स्वास्थ्य | पेडियाट्रिक्स | ० | १ | ० | ० | ० |
| ३ | बरिष्ठ / कन्सल्टेण्ट अब्स्टेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | ९ / १० | स्वास्थ्य | अब्स / गाइनो | ० | ० | ० | ० | १ |
| ४ | बरिष्ठ / कन्सल्टेण्ट सर्जन | ९ / १० | स्वास्थ्य | सर्जन | ० | ० | ० | ० | १ |
| ५ | बरिष्ठ / कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९ / १० | स्वास्थ्य | सर्जरी | ० | ० | १ | ० | १ |
| ६ | बरिष्ठ / कन्सल्टेण्ट साइक्याट्रिस्ट | ९ / १० | स्वास्थ्य | साइक्याट्रि | ० | ० | ० | ० | ० |
| ७ | बरिष्ठ / कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ / १० | स्वास्थ्य | एनेस्थेसियो लोजी | ० | ० | ० | ० | ० |
| ८ | बरिष्ठ / कन्सल्टेण्ट जनरल फिजिसियन | ९ / १० | स्वास्थ्य | मेडिसिन | ० | १ | ० | ० | १ |
| ९ | बरिष्ठ / कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ / १० | स्वास्थ्य | रेडियोलोजी | ० | ० | १ | ० | १ |
| १० | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | जनरल हेल्स सर्भिसेज | ० | ८ | ० | १DAMIN १CEONC | ११ |
| ११ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेटिष्ट्री | ० | १ | १ | ० | २ |
| १२ | फिजियोथेरापिष्ट | ७ / ८ | स्वास्थ्य | फिजियोथेरापी | ० | ० | ० | १ प्रदेश कार्यक्रम | १ |
| १३ | बरिष्ठ / मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७ / ८ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | १ | ० | ० | ० | १ |
| १४ | नर्सिङ्ग अधिकृत | ७ / ८ | स्वास्थ्य | जनरल नर्सिङ्ग | ० | २ | ० | ० | २ |
| १५ | सहायक / अधिकृत (प्रशासन) | ५ / ६ | प्रशासन | सामान्य प्रशासन | ० | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | सहायक / अधिकृत (लेखा) | ४/५ / ६ | प्रशासन | लेखा | ० | ० | १ | ० | ० |
| १७ | कम्प्युटर अपरेटर/आइटि अधिकृत | ५ / ६ | विविध | - | ० | ० | ० | ० | ० |
| १८ | ल्याब टेक्निसियन | ५ / ६ / ७ | स्वास्थ्य | मे.ल्या.टे. | २ | ० | २ | १DAMIN | ५ |
| १९ | मेडिकल रेकर्डर सुपरभाइजर | ५ / ६ / ७ | स्वास्थ्य | मेडिकल रेकर्डस् | ० | ० | ० | ० | ० |
| २० | स्टाफ नर्स | ५ / ६ / ७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | १० | ० | १ | २ NICU ३CEONC १OCMC १DAMIN | १८ |
| २१ | हेल्थ असिष्टेन्ट | ५ / ६ / ७ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | २ | ० | २ | १ प्रदेश कार्यक्रम १ DAMIN | ६ |
| २२ | फार्मेसी सहायक | ५ / ६ / ७ | स्वास्थ्य | फार्मेसी | १ | ० | ४ | ० | ५ |
| २३ | रेडियोग्राफर | ५ / ६ / ७ | स्वास्थ्य | रेडियोग्राफी | १ | ० | १ | ० | २ |
| २४ | बायोमेडिकल टेक्निसियन | ५ / ६ / ७ | स्वास्थ्य | विविध | ० | ० | ० | ० | ० |
| २५ | एनेस्थेटिक सहायक | ५ / ६ / ७ | स्वास्थ्य | विविध | ० | ० | ० | १ CEONC | १ |
| २६ | ल्याव असिष्टेन्ट | ४ / ५ / ६ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | ० | ० | ३ | ० | ३ |
| २७ | अ.न.मी. / सि.अ.न.मी. | ४ / ५ / ६ | स्वास्थ्य | क.न./प.हे.न. | ० | ० | २ | ० | २ |
| २८ | डेन्टल हाइजिनिष्ट | ४ / ५ / ६ | स्वास्थ्य | डेटिष्ट्री | ० | ० | १ | ० | १ |
| २९ | नेत्रे सहायक | ५/६ | स्वास्थ्य | | ० | | १ | १ कार्यक्रम | |
| ३० | सहायक (प्रशासन) | ४ / ५ | प्रशासन | सामान्य प्रशासन | ० | ० | ४ | ० | ४ |
| ३१ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ्ग | मे.ई. | ० | ० | १ | १ प्रदेश | २ |
| ३२ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ० | ० | ५ | १ DAMIN | ६ |
| ३३ | बरिष्ठ / कन्सल्टेण्ट एम डि जि पि इ एम | ९ / १० | स्वास्थ्य | मेडिसिन | ० | ० | १ | ० | १ |
| ३४ | अस्पताल ब्यबस्थापन अधिकृत | ७ | स्वास्थ्य | बिबिध | ० | ० | ० | १ कार्यक्रम | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | फार्मेसि अधिकृत | ७ | स्वास्थ्य | फार्मेसी | ० | ० | ० | ० | ० |
| ३७ | सामाजिक ईकाई सहजकर्ता | ५ | बिबिध | | ० | ० | ० | ३ SSU | |
| ३८ | अ.हे.ब. | ४ / ५ | स्वास्थ्य | हे.ई | ० | ० | ६ | १ प्रदेश कार्यक्रम | ६ |
| ३९ | सुरक्षाकर्मी | ४ / ५ | बिबिध | | ० | ० | ३ | ० | २ |
| | **कुल जम्मा** | | | | **१७** | **१३** | ४० | २२ | ९२ |

गण्डकी प्रदेश सरकार,सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्वारा आ.ब.२०८०/८१ का लागी स्विकृत अस्पताल व्यवस्थापन समिति तर्फको दरबन्दी

| क.सं. | प्रस्तावित दरबन्दी पदनाम | तह | हालको संख्या | थप संख्या | प्रस्तावित संख्या | जम्मा स्वीकृत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | ९ | १ | १ | २ | १ | स्वीकृत पदमा आवश्यकता अनुसार र आन्तरिक आम्दानिले धान्ने गरी मात्र पदपूर्ति गरि सेवा करारमा लिने गरी स्वीकृत |
| २ | कन्सल्टेन्ट अर्थोपिडिक सर्जन | ९ | १ | ० | १ | १ | |
| ३ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९ | ० | १ | १ | १ | |
| ४ | कन्सल्टेन्ट गाइनेकोलोजिष्ट | ९ | ० | १ | १ | १ | |
| ५ | कन्सल्टेन्ट पेड्रयाटिसियन | ९ | ० | १ | १ | १ | |
| ६ | कन्सल्टेन्ट फिजिसियन | ९ | ० | १ | १ | १ | |
| ७ | कन्सल्टेन्ट सर्जन | ९ | ० | १ | १ | १ | |
| ८ | मेडिकल जनरलिष्ट | ९ | १ | ० | १ | १ | |
| ९ | मेडिकल अधिकृत | ८ | ० | २ | २ | २ | |
| १० | ल्याब टेक्नोलोजिष्ट | ७ | ० | १ | १ | १ | |
| ११ | फिजियोथरापी सहायक | ५ | ० | १ | १ | १ | |
| १२ | लेखापाल | ५ | १ | ० | १ | ० | |
| १३ | आइटी टेक्निसियन | ५ | ० | १ | १ | ० | |
| १४ | ल्याब टेक्निसियन | ५ | २ | २ | ४ | २ | |
| १५ | स्टाफ नर्स | ५ | १ | २ | ३ | ३ | |
| १६ | हेल्थ असिस्टेन्ट | ५ | २ | १ | ३ | ३ | |
| १७ | फार्मेसी सहायक | ५ | ४ | ० | ४ | ४ | |
| १८ | रेडियोग्राफर | ५ | १ | १ | २ | २ | |
| १९ | बायोमेडिकल टेक्निसियन | ५ | ० | १ | १ | १ | |
| २० | एनेस्थेटिक एसिस्टेन्ट | ५ | ० | १ | १ | १ | |
| २१ | ल्याब असिस्टेन्ट | ४ | ३ | ० | ३ | ३ | |
| २२ | अनमी | ४ | २ | ० | २ | २ | |
| २३ | डेन्टल हाइजेनिष्ट | ४ | १ | ० | १ | १ | |
| २४ | अहेब | ४ | ६ | ० | ६ | ६ | |
| २५ | रिसेप्सनिष्ट/ कम्प्युटर सहायक | ४ | ४ | २ | ६ | ६ | |
| २६ | कार्यालय सहयोगी | श्रेणिविहिन | ५ | ० | ५ | ५ | |
| २७ | सुरक्षा गार्ड | श्रेणिविहिन | ३ | ० | ३ | ३ | |
| २८ | इलेक्ट्रिसियन | श्रेणिविहिन | १ | ० | १ | १ | |
| २९ | ह स चा | श्रेणिविहिन | १ | ० | १ | १ | |
| | जम्मा | | ४० | २१ | ६१ | ५६ | |

प्रमुख
चिकित्सा सेवा महाशाखा

## अस्पतालको प्रयोशालामा रहेका मेसिन तथा औजार

अस्पतालको प्रयोशालामा रहेका सम्पुर्ण मेसिन तथा औजारको विवरण निम्नाअनुसार रहेका छनः

- Biochemistry Analyzer Fully Automated
- 5 parts Hemax Culter
- 5 parts Tulip Culter Machine
- 3 part Edan Culter Machine
- ABG Machine
- Gene X -pert Machine
- Clia Machine
- Hot Air Oven
- Blood roller machine
- Biosafety Cabinet Large/small
- Thermocycle PCR Machine
- Fumigator Machine
- Automated Extraction Machine
- Deep Fridge
- Master Mix Machine

## अस्पतालको रेडियोलोजी विभागमा रहेका मेसिन तथा उपकरण

अस्पतालको रेडियोलोजी विभागमा रहेका मेसित तथा उपकरण निम्न रहेका छनः

- DR Machine
- CR Machine
- Casette
- USG Machine (portable)
- USG Machine With Colour Doppler
- C-Arm Machine
-

## अस्पतालमा रहेका सर्जिकल तथा मेडिकल उपकरण

अस्पतालमा रहेका सर्जिकल तथा मेडिकल उपकरण निम्न रहेका छनः

- ECG
- Dialysis Machine
- Defibrillator
- Syringe Pump
- Infusion Pump
- BIPAP Machine
- Dental X-ray
- Dental chair
- Baby Infant Warmer
- Patient Monitor
- Fetal Dopler
- Autoclave CSSD
- Autoclave for Waste Management

## अस्पतालमा रहेका अन्य औजार तथा उपकरण

- Oxygen Plant 15Nm3/hr
- Oxygen Plant 5Nm3/hr
- Oxygen manifold System
- Generator 125KVA
- Generator 20 KVA
- Washing machine

## Ambulance and Mortuary Van

Ambulance Service With GPS System

## अस्पतालमा रहेका बायोमेडिकल उपकरण तथा मर्मत सम्भार

- अस्पतालमा छुट्टै मेन्टिनेन्स कोठा नरहेको
- दरबन्दी नभएतापनी कार्यालय सहयोगीबाट सञ्चालित
- केहि मात्रामा औजार तथा उपकरण रहेका

## अस्पतालमा सञ्चालित केहि Supportive Services

- IPC control Committee गठन भएको।
- High Wash and Fumigation done on regular basis गर्ने गरिएको।
- सुरक्षित खानेपानी सेवा- अस्पतालको आफ्नै डिप वोर तथा २ वटा ओभरहेड ट्याङ्की(२००० लि. र ५०००० लि.) रहेको।
- अस्पतालका विभिन्न ठाँउहरुमा Soak pit रहेको।
- फोहोरमैला व्यवस्थापन गर्नका लागि राष्ट्रिय प्रोटोकलअनुसार छुट्टै भवनको निर्माण गरी फोहोरमैला व्यवस्थापनको कार्य गरिएको।
- व्यक्तिगत सुरक्षका साम्रगी तथा उपकरण पर्याप्त मात्रामा रहेको।
- अस्पतालमा २४ सै घण्टा विद्युत आपुर्ती रहेको तथा वैकल्पिक प्रयोजनका लागि १२५ केभिए क्षमताको जेनेरेटर रहेको।
- अस्पतालमा आफ्नै प्राङ्गणमा १.५ विगाहाको बगैँचा उपलब्ध रहेको।
- CSSD अलग्गै भवनमा नर्सिङ स्टाफको नेतृत्वमा सञ्चालनमा रहेको। २ वटा Horizontal Autoclave सञ्चालनमा रहेको।
- सबैका लागि पर्याप्त मात्रामा Waiting Space रहेको।
- अस्पतालमा सुरक्षा गार्ड र सुरक्षा गार्ड कक्षको व्यस्था साथै २४ घण्टा नेपाल प्रहरी कार्यरत रहेको।
- अस्पतालमा सुविधा सम्पन्न खाजाघरको व्यवस्था रहेको।
- अस्पतालमा २ वटा अक्सिजन प्लान्ट (5 nm3 & 15nm3) सञ्चालनमा रहेको तथा Liquid oxygen tank जडान हुने प्रकियामा रहेको।
- अस्पतालमा पर्याप्त मात्रामा पार्किङको सुविधा र कार्यालय तथा कर्मचारीका सवारी साधन पार्किङ गर्नका लागि अलग्गै पार्किङ सुविधा रहेको।
- विद्युत प्राविधिक, प्लम्बर तथा डायलाईसिस टेक्निसियनको व्यवस्था रहेको।

## भवन तथा भौतिक पुर्वाधार

अस्पतालमा रहेको भवन तथा भौतिक पुर्वाधारको व्यवस्था निम्न रहेको छः

- हाल चलेको भवनले ६८ शैयामा सेवा दिईरहेको तथा निर्माणधिन भवनमा थप १०० शैया सञ्चालन गर्न सकिने ।
- Warehouse को पर्याप्त व्यवस्था रहेको ।
- १०.५९ हेक्टर जग्गा उपलब्ध रहेको तथा निर्माणधिन भवनको डिपिआर सम्पन्न रहेको ।
- हाल सञ्चालित अस्पतालको लागि पर्याप्त मात्रामा रहेको तथा नयाँ सेवा विस्तारमा थप गर्नुपर्ने ।

## अस्पतालको Capacity Building

- सर्पदंश उपचारको तालिम,दक्ष प्रसुतीकर्मी( SBA),सुरक्षित गर्भपतन(MA), डायलाईससिस तालिम सञ्चालनका लागि उच्च सम्भावना रहेको ।
- प्रशिक्षक तथा अन्य आवश्यक सामग्री केही मात्रामा उपलब्ध रहेको ।

## ब्लड बैँक

- अस्पतालको आफ्नै ब्लड बैँक नरहेकाले नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा सञ्चालनमा रहेको तथाआवश्यक मात्रामा रगत उपलब्ध हुन नसकेकाले अस्पतालले आफ्नै ब्लड बैँक सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको ।
- प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निःशुल्क रक्त सञ्चार सेवा सञ्चालनमा रहेको ।

## मेडिकल रेकर्डिङ तथा EMR

- EMR सञ्चालनमा रहेको ।
- हाललाई दर्ता, राजस्व संकलन, फार्मेसी र ल्याबमा सञ्चालनमा रहेको ।
- Medipro सफ्टवेयर सञ्चालनमा रहेको ।
- अस्पतालमा रिपोर्टिङ शतप्रतिशत पुर्ण र शतप्रतिशत समयमा रहेको ।
- अस्पतालमा टोकन प्रणाली लागु भएको ।
- टेलिमेडिसिन लागु नभएको ।

## विपत व्यस्थापन तयारी

- अस्पतालको आफ्नै HDPRP रहेको तथा सो सम्बन्धी सम्पुर्ण कर्मचारीलाई अभिमुखीकरण तालिम सञ्चालन भैसकेको ।
- विपत व्यवस्थापनको आफ्नै प्रोटोकल रहेको ।
- जिल्ला प्रहरी कार्यालयसँग मिलेर संयुक्त Drill अभ्यास गरिएको ।
- MSS ले मागेबमोजिम बफर स्टक उपलब्ध रहेको ।
- HOPE तथा अन्य विपत  व्यवस्थापन सम्बन्धि तालिम प्राप्त जनशक्ति उपलब्ध रहेको ।
- पुर्व पश्चिम राजमार्गको मध्यभागमा रहेकाले बारम्बार Mass Causalities व्यवस्थापन गर्नुपर्ने ।
- भरतपुर अस्पतालको स्याटालाईट अस्पतालको रुपमा सञ्चालित रहेको ।
- विपतको समयमा आफुले गर्नुपर्ने जिम्मेवारी पुर्ण रुपमा निर्वाह गरेको ।

## फार्मेसी तथा औषधी

- फार्मेसीले २४ सै घण्टा सेवा प्रदान गरिरहेको ।
- प्रदेश सरकारले उपलब्ध गराएका सम्पुर्ण औषधीको व्यवस्था रहेको ।
- ६२५ प्रकारका मेडिकल तथा सर्जिकल औषधी बिक्री गर्ने गरिएको ।
- २ जना फार्मासिस्ट कर्मचारी र २ जना फार्मेसी सहायक रहेका ।

## अस्पतालले गत आ.बा.मा गरेका अनुकरणीय कार्यहरु:

- वि.स. २०७९ मंसिर १३ गतेदेखि समितिको आफ्नै खर्चमा विपन्नमा सुचिकृत नहुदैँ हेमोडायलाईसिस सेवा सञ्चालन गरिएको
- अस्पताल व्यवस्थापन समितिबाट १ जना हाडजोर्नी विशेषज्ञ, १ जना रेडियोलोजिष्ट, १ जना एमडिजिपी र १ जना डेन्टल सर्जनसहित विशेषज्ञ सेवा दिईरहेको
- अस्पताल व्यस्थापन समितिको आफ्नै खर्चमा फिजीयोथेरापी सेवा सञ्चालन गरिएको तर यसलाई अझै व्यवस्थित गर्नुपर्ने भएकोमा यस आ.ब.मा प्रदेश सरकारबाट बजेट प्राप्त भएको
- प्रसुति प्रतिक्षा गृह निर्माण भएको
- MSS अनुसार वार्ड तथा ओ.पी.डी बिभाजन गरिएको
- स्तानपान कक्ष निर्माण गरिएको
- ल्याब सेवा नयाँ स्थानबाट सुचारु गरिएको
- विभिन्न फाँटमा आवतजावत गर्नकालागी RAMP निर्माण गरिएको

## अस्पतालको क्षमता बढाउनुपर्ने प्रमुख औचित्यता:

- सेवा विस्तार भएसँगै बिरामीको चाप बढेकोले मौजुदा जनशक्ती र मौजुदा संरचनाबाट गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा दिन नसकिएकोले ।
- सरकारी अस्पतालप्रती आमसर्वसाधारण जनताको विश्वासमा अभिवृद्धि भएसँगै सेवाग्राहीको चापमा उल्लेखिय वृद्धि भईरहेको ।
- गण्डकी प्रदेशमा कास्की जिल्लापछि सबैभन्दा बढी सेवा दिनुपर्ने जनसङख्या यसै जिल्ला रहेको ।
- गण्डकी प्रदेशको कान्छो जिल्ला अस्पतालको रुपमा रहेतापनि यस अस्पतालको भौतिक विकास तथा अन्य पक्षहरुमा विगतका वर्षहरुमा अपेक्षाकृत लगानी हुन नसकेको ।
- तराईको जिल्ला भएकाले सर्पदंशको उपचारको केन्द्रका रुपमा विस्तार गर्नुपर्ने भएकाले ।

- महेन्द्र राजमार्गको मध्यभागमा पर्ने भएकाले सडक दुर्घटनाका बिरामी तथा ट्रमा सेन्टरको रुपमा विकास गर्नुपर्ने भएकाले ।
- अस्पतालमा विस्तृत सेवा तथा शैयाको अभावमा कतिपय बिरामीहरुलाई अन्यत्र रिफर गर्नुपर्ने बाध्यता रहेकोले ।
- अस्पतालमा प्रशस्त जग्गा उपलब्ध रहेकाले टिचिङ अस्पतालको रुपमा समेत विकास गर्न सकिने भएकाले ।
- यस अस्पतालमा कृत्रिम हातखुट्टा सेवा सञ्चालन भई रहेकाले यस सबल केन्द्रलाई गण्डकी प्रदेशकै नमुना सबल केन्द्रका रुपमा विकास गर्नुपर्ने भएकाले।
- अस्पतालमा डिआरटिबी रेफरल सेन्टरबाट क्षयरोगबाट ग्रसित बिरामीहरुलाई उपचार सेवा प्रदान गरिएकोमा उक्त रेफरल सेन्टरलाई अझ विकास गर्नुपर्ने आवश्यकता रहेकोले ।
- अस्पतालमा निर्माणाधिन  भवन निर्माण सम्पन्न भैसक्दा १०० शैयाको अस्पताल सञ्चालन गर्नका लागि पर्याप्त रहेकोले।

## अस्पतालमा संचालन रहेका शैया बिबरण

| Description | Total |
|---|---|
| Sanctioned Beds (Government) | 15 |
| Sanctioned Beds (Development committee) | 50 |
| Total operational Beds | 72 |
| Emergency beds | 8 |
| Total Inpatient beds | 32 |
| Maternity beds | 5 |
| ICU beds | 0 |
| Isolation( DR Referral Center) | 15 |
| NICU/SNCU beds | 2 |
| Physiotherapy | 5 |
| Dialysis | **5** |

अस्पतालले प्रदान गरेको सेवाहरुको तिन आ.ब.को तुलनात्मक बिबरण

| Services (In Number) | | 2077/78 | 2078/79 | **2079/80** |
|---|---|---|---|---|
| Total Client Served | | 22361 | 49830 | **90756** |
| Total OPD Cases | | 17261 | 39948 | **56936** |
| Total Emergency Visits | | 5100 | 7857 | **9048** |
| Total inpatients Admitted | | 1132 | 1495 | **2634** |
| Total Inpatient Days | | 3806 | 4519 | **7605** |
| Delivery | Total | 153 | 343 | **505** |
| | ND | 151 | 329 | **451** |
| | Complicated | 0 | 0 | **2** |
| | C/S | 2 | 14 | **52** |
| Surgery | Major | 5 | 50 | **209** |
| | Minor | 10 | 137 | **693** |

**अस्पतालले प्रदान गरेको निदानात्मक तथा अन्य सेवाहरुको तिन आ.ब.को तुलनात्मक बिबरण**

| Diagnostic/Other Services | Unit | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|
| X-ray | Number | 8045 | 15039 | 20854 |
| Ultrasonogram (USG) | Number | 5489 | 11021 | 16965 |
| Electrocardiogram (ECG) | Number | 1368 | 2780 | 5370 |
| Lab Services(Tests) | Number | 104450 | 267162 | 285063 |
| Dental | Number | - | - | 3349 |
| Eye | Number | - | - | 3998 |
| MCH | Number | - | - | 1532 |
| Immunization | Number | - | - | 470 |
| Physiotherapy | Sessions | - | - | 5665 |

अस्पतालको तिन आ.ब.को सुचकहरुको तुलनात्मक बिबरण

| Indicators | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|
| Percentage of monthly report entered | 100 | 100 | 100 |
| Percentage of monthly report entered within Time | 91.7 | 83.3 | 100 |
| Bed occupancy rate | 32.6 | 29.1 | 50.3 |
| Average length of stay | 3.9 | 2.7 | 4.1 |
| Throughput | 37.7 | 49.8 | 62.7 |
| Bed turnover interval | 5.88 | 4.6 | 1.72 |
| Percentage of surgeries among inpatients | 33.33 | 34.75 | 46.3 |
| Infection rate among surgical cases | 0 | 0 | 0 |
| Surgery related death rate | 0 | 0 | 0 |

**अस्पतालको तिन आ.ब.को सुचकहरुको तुलनात्मक बिबरण...**

| Indicators | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|
| Doctor patient ratio in OPD | 2876.8 | 3842 | 3558.5 |
| Outpatient Sex Ratio | 0.11 | 0.33 | 0.38 |
| Inpatient Sex Ratio | 1.1 | 0.48 | 0.62 |
| Deaths within 48 hours of Admission | 12 | 7 | 6 |
| Deaths after 48 hours of Admission | 7 | 8 | 4.0 |
| Average number of X-ray per day | 22 | 41 | 57.1 |
| Average number of USG per day | 15 | 30.1 | 40.5 |
| Average number of ECG per day | 3.8 | 7.7 | 14.71 |
| Average number of Laboratory tests per day | 268.9 | 684.9 | 780.9 |

<u>**अस्पतालका केहि तस्बिरहरु**</u>

**अस्पताल कर्मचारी परिवार तथा हाल सेवा दिईरहेको भवन**



## अस्पताल व्यवस्थापन समितिको पदभार ग्रहण कार्यक्रम



**बिरामीले भरिएको मेडिकल वार्ड**



**सेवाग्राहीको चाप**



# प्रयोगशालामा सेवाग्राहीको



# निर्माणधिन नयाँ भवन



# निष्कर्ष

गण्डकी प्रदेशको कान्छो जिल्लाको कान्छो जिल्ला अस्पताल, प्रदेशको कान्छो जिल्ला अस्पताल भएतापनी गण्डकी प्रदेशमा सेवाग्राहीको चाप हुने दोस्रो ठुलो अस्पताल तथा सरकारी अस्पतालमा दिनानुदिन बढदै गईरहेको सर्वसाधारण जनताको विश्वासका कारण हाल सञ्चालित दरबन्दी तथा संरचनामा गुणस्तरीय सेवा दिन असम्भवप्राय देखिन्छ । मध्यविन्दु स्मृती सामुदायिक अस्पताल हुँदा नै ५५ शैया स्वीकृत तथा सञ्चालन रहेको यस अस्पताल प्रदेश मातहतमा आउदा साँघुरिएर १५ शैयामा सुचिकृत हुँदा पुर्ववत रुपमा रहेको शैया तथा जनशक्ती पनि कटौती हुन गएकाले अपेक्षाकृत रुपमा सेवाप्रवाह हुन नसकेको कारणले गर्दा अस्पतालको स्तरोन्नती भई नेपाल सरकार तथा प्रदेश सरकारले अपेक्षा गरेबमोजिम सर्वसाधारणलाई गुणस्तरीय तथा सर्वसुलभ सेवा समयमै उपलब्ध गराउन यस अस्पतालको स्तरोन्नती अति आवश्यक रहेको छ । अस्पतालसँग स्तरोन्नतीसँगै सेवा विस्तार गर्न थप निर्माण गर्नपर्ने संरचनाका लागि पर्याप्त मात्रामा जग्गा पनि उपलब्ध रहेकोले भविष्यमा सेवा विस्तार हुँदा असहज परिस्थिती सिर्जना नहुने परिवेशमा पनि यस अस्पतालको स्तरोन्नती अपरिहार्य देखिन्छ ।मध्यविन्दु जिल्ला अस्पतालका समग्र पक्षलाई विविध तरिकाले विश्लेषण गर्दा सर्पदंश उपचार केन्द्र, हेमोडायलाईसिस उपचार केन्द्र, डिआरटिबी रेफरल सेन्टर, कृत्रिम हातखुट्टा सेवा केन्द्र तथा महेन्द्र राजमार्गको केन्द्रमा पर्ने भएकाले भविष्यमा ट्रमा सेन्टरको रुपमा समेत विकास गरि सडक दुर्घटनामा घाईते बिरामीलाई उचित उपचार सेवा दिन सकिने अवस्था समेत रहेको छ । अस्पतालमा हाल निर्माणधिन भवनमा समेत १०० शैयाको सेवा सहजै सञ्चालन गर्न सकिने अवस्था रहेको छ । यस्ता विविध विषयलाई आँकलन गर्दा, समग्र जिल्लावासी तथा नेपाली नागरिकको स्वास्थ्य सेवा पाउने अधिकारलाई उचित ध्यानमा राख्दै अस्पतालले प्रदान गर्दै आईरहेको सेवालाई अझ विस्तार र विशिष्टिकृत गर्दै हाल १५ शैयाको स्वीकृतीमा सञ्चालित यस मध्यविन्दु जिल्ला अस्पताललाई १०० शैयामा रुपान्तरण गर्नुपर्ने सबैको माग तथा आजको प्रमुख आवश्यकताका रुपमा रहेको छ ।